मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन नं. 033-520605
Mob. 9852880500/9852880501

प.सं. २०८१/८२
च.नं. 63

मितिः २०८१/०६/२२

बिषयः सूचना टाँस गरि दिने सम्वन्धमा ।

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा ।
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सिरहा ।
श्री स्थानीय तह सबै, सिरहा ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई, धनगढी, जिरोमाइल, सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा ।
श्री प्रदेश लेखा इकाई कार्यालय, लहान, सिरहा ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्वीकृत वार्षिक अनुसार च्याउ प्रवर्द्धन कार्यक्रमको प्रस्ताव आव्हानको सूचना यसै पत्र साँथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गराई सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

.............................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह

सिरहा नगरपालिका
दर्ता नं. ८९३
मिति २०८१/०६/२२

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन नं. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

### च्याउ प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना।

प्रथम पटक प्रकाशन मितिः- २०८१।०६।२२ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार च्याउ प्रवर्द्धन कार्यक्रम संचालन गर्न कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था हरुले सूचना प्रकाशन भएको मितिले २२ औं दिन भित्र (मिति २०८१/०७/१३ गते सम्म) तोकिएको ढाँचामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

| सि.न. | कार्यक्रमको नाम | मापदण्ड कृषकको हकमा | मापदण्ड कृषक समूह/कृषि सहकारीको हकमा |
|---|---|---|---|
| १ | च्याउ प्रवर्द्धन कार्यक्रम | कम्तिमा १०० के.जी. वीउ प्रयोग गरी च्याउ उत्पादन गर्न इच्छुक कृषक । | न्यूनतम १००० के.जी. वीउ प्रयोग गरी च्याउ उत्पादन गर्न इच्छुक । |

<u>आवश्यक कागजातहरु:</u>

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. आबेदक कृषक समूह/कृषि सहकारी संस्थाको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बरको प्रमाण, र २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
३. कृषक समूह/कृषि सहकारी संस्थाको हकमा कार्यक्रम माँग गर्ने सम्बन्धि कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
४. सम्बन्धित वडा कार्यालय वा स्थानिय तहमा रहेको कृषि विकास शाखाको सिफारीश पत्र ।
५. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषक समूह/कृषि सहकारी संस्थाको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी।
६. कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।

<u>अनुदानका शर्तहरु:</u>

१. कृषक समुह/कृषि सहकारीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क" र "ख" दुवैमा तथा कृषकको हकमा "क" मां मात्र आवेदन दिन सक्ने छन।
    क. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम अन्तर्गत च्याउ बिउ, बल, कम्पोष्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन समाग्री, कृषि यन्त्र उपकरण तथा पूर्वाधार, तालिम तथा क्षमता अभिवृद्धि ।
    ख. उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम अन्तर्गत प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, लेबलिङ्ग लगायत पोष्ट हार्भेष्ट उपकरण तथा भौतिक निर्माण सम्बद्ध कार्य ।
२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट बिगत २ वर्षमा अनुदान नलिइको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमित्तामा नपरेको/कार्यालयमा खराब आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।
३. गत बिगत वर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, वढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई प्राथमिक्ता दिईनेछ ।
४, यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
५. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम कायम हुनेछ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्वन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७. विशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, ९८५३८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ ।

कृषि ज्ञान केन्द्र, सिरहा

**नरेन्द्र कुमार महासेठ**
प्रमुख